"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८१/८२ (स्वास्थ्य शाखा)
च.नं.: २०५६

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।
मितिः २०८२|०३|०६
ने.सं.: ११४५ तछलागा ९ शुक्रबार

## छाती रोगको निःशुल्क एक्स-रे (X-ray) सम्बन्धी सार्वजनिक सूचना !!!

टोखा नगरपालिकाको आयोजना तथा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुरको सहयोगमा तपसिलमा उल्लेखित मिति, स्थान र समयमा छातीको रोग तथा क्षयरोगको पूर्व परिक्षण सम्बन्धी निःशुल्क एक्स-रे (x-ray) शिविर सञ्चालन हुन गइरहेको हुँदा लक्षित वर्गहरु र निम्न बमोजिम लक्षण भएका नगरवासीहरुलाई उक्त शिविरमा उपस्थित भई सेवा लिनुहुन अनुरोध छ ।

**लक्षित बर्गहरु**

स्वासप्रश्वास सम्बन्धि दीर्घरोगी, कुपोषित बालबालिका, उमेर ढल्केका व्यक्तिहरु, शरीरको प्रतिरक्षा शक्ति कम भएका व्यक्तिहरु (जस्तै मधुमेह, क्यान्सर, अङ्ग प्रत्यारोपण तथा एचआईभी), धुम्रपान/मध्यपान तथा लागूपदार्थ सेवन गर्ने व्यक्तिहरु तथा विभिन्न कलकारखानाका मजदुरहरु, आदी ।

**क्षयरोगका सम्भावित लक्षणहरु**

खोकी लाग्ने तथा खकारमा रगत देखा पर्ने, साँझपख ज्वरो आउने, दुब्लाउदै जाने, खानामा रुची कम तथा छाती दुख्ने जस्ता लक्षण भएका व्यक्तिहरु ।

**तपसिल :**

स्थानः ३ नं. वडा कार्यालय, टोखा नपा
मिति : २०८२ असार ७ गते शनिवार
समय : बिहान ९ बजे देखि ४ बजे सम्म

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकिय अधिकृत

Phone No:- ०१-४९८५०१३. website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np